# षडानन्द नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दिङ्ला, भोजपुर

षडानन्द नगरपालिका नगर कार्यपालिकाको कार्यालय १ नं प्रदेश दिङ्ला, भोजपुर, नेपाल २०७३

प.सं.:- ०७७/७८
च. नं.:-

१ नं प्रदेश, नेपाल
मिति : २०७७/०९/१६

## सूचना ! सूचना !! सूचना !!!

यस नगरपालिकाको कार्यालयको मिति २०७७/०५/२१ गतेको निर्णय अनुसार यस नगरपालिकाको वडा नं ४ स्थित दिंला बजारमा निर्माण गरिएको फालिचौतारा (भवन) मा पसल तथा व्यवसाय सञ्चालनार्थ भाडामा दिनुपर्ने भएको हुँदा ईच्छुक व्यक्ति संघ, संस्था वा समूहले सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिन भित्र सिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. चौतारा षडानन्द नगरपालिका वडा नं. ४, दिंला बजार स्थित रहेको पार्वती कुण्डको अगाडिपट्टि रहेको लम्बाई ८.४ मिटर र चौडाई ६.३ मिटर भएको हल सहितको २ तले घर।
२. फालिचौतारा भवनको मासिक भाडा दर न्यूनतम रु. २०,०००।– (अक्षरेपी बीस हजार मात्र) हुनेछ।
३. उक्त भवन व्यवसायिक प्रयोजनको लागि विशेष गरी कफि सफ, क्याफे, चमेना गृह, किराना पसल, पुस्तक पसल, कस्मेटिक, कपडा पसल सम्बन्धी सामानहरुको बिक्री वितरण गर्नु पर्नेछ। निर्माण सम्बन्धी, मदिराजन्य वस्तु एवं मासुजन्य वस्तुहरुको भण्डारण गरी बिक्री वितरण साथै आवासको रुपमा प्रयोग गर्न पाईने छैन।
४. भवन भाडामा लिन ईच्छुक व्यक्तिको हकमा निवेदन सहित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संघ, संस्था वा समूहको हकमा निवेदन सहित संस्था / समूह दर्ताको प्रमाणपत्र, नवीकरण करचुक्ता, VAT/PAN दर्ताको प्रमाणपत्रको प्रतिलिपि स्वयमले प्रमाणित गरी सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिन भित्र कार्यालय समयमा निवेदन दस्तुर सहित सिलबन्दी निवेदन दर्ता गरिसक्नु पर्नेछ र दर्ता हुन आएको सिलबन्दी निवेदन सोको भोलिपल्ट दिउँसोको १४:०० बजे खोलिने छ।
५. सिलबन्दी निवेदन बुझाउने तेस्रो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र दर्ता गराउन सकिने छ।
६. रीतकपूर्वक नआएका निवेदन उपर कुनै कारवाही हुने छैन। निवेदन स्वीकृत गर्ने वा नगर्ने अधिकार षडानन्द नगरपालिकालाई मात्र हुनेछ।
७. निवेदन स्वीकृत हुने व्यक्ति, संघ, संस्था वा समूहले सम्झौता गर्दाको बखत अग्रिम रुपमा ३ महिनाको भाडा बुझाएपछि मात्र सम्झौता गरिने छ। अन्य शर्तहरु सम्झौतामा उल्लेख भएबमोजिमको हुनेछ।

९।१६

गणेश विक्रम बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गणेश विक्रम बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**नोट :** थप जानकारीको लागि ०२९-४२११२५ मा सम्पर्क गर्न सक्नु हुनेछ।